नेपाली / *NEPALI*

मिति: सोमबार, नोभेम्बर ३, २०२६

लागि: *UW–Madison* का संकाय, कर्मचारी तथा विद्यार्थीहरू

बाट: *UW–Madison* कुलपति खोज तथा चयन समिति

मितिहरू साँच्नुहोला: *UW–Madison* को कुलपति उम्मेदवारहरूका प्रस्तुतिहरू

University of Wisconsin—Madison कुलपतिका उम्मेदवारहरू नोभेम्बर ९ तारिखको हप्तामा क्याम्पस भ्रमणमा आएर सार्वजनिक प्रस्तुतिहरू प्रदान गर्नेछन्।

प्रस्तुतिहरू *Memorial Union*, 800 Langdon Street को *Tripp Commons* मा हुनेछन्। संकाय, कर्मचारी तथा विद्यार्थीका साथसाथै पूर्व छात्र र सर्वसाधारणहरूलाई उपस्थित हुन प्रोत्साहन गरिन्छ।

यी प्रस्तुतिहरू कुलपति खोज तथा चयन समितिका उपाध्यक्ष, Annie Jones, जो *Division of Extension* मा प्राध्यापक र पहिलेका विश्वविद्यालय समितिका अध्यक्ष पनि हुनुहुन्थ्यो, वहाँले सहजीकरण गर्नुहुन्छ।

प्रस्तुतिका मितिहरू

उम्मेदवारहरूका प्रस्तुतिहरूका तालिका यस बमोजिम छन्:

- **सोमबार, नोभेम्बर ९ तारिख,** बेलुकी ४:३० बजेदेखि ५:३० बजेसम्म
- **बिहीबार, नोभेम्बर १२ तारिख,** बेलुकी ४:३० बजेदेखि ५:३० बजेसम्म
- **शुक्रबार, नोभेम्बर १३ तारिख,** बेलुकी ४:३० बजेदेखि ५:३० बजेसम्म

प्रस्तुतिहरू काम गर्ने समयमा परे भने *UW–Madison* का कर्मचारीहरूले सुपरभाईजरको अनुमति सहित तलब पाउने अवस्थामा यी प्रस्तुतिहरूमा उपस्थित हुन पाउनुहुनेछ।

प्रस्तुतिहरू व्यक्तिगत रूपमा प्रदान गरिनेछ र अन्लाईन मार्फत प्रत्यक्ष प्रसारण गरिने छैन। पहुँचयुक्तताका बारेमा प्रश्नहरू भएमा, कृपया Emma Spaulding (emma.spaulding@wisc.edu) लाई सम्पर्क गर्नुहोला।

सबैको सुरक्षाका लागि, उपस्थित दर्शकहरूलाई चुम्बक मार्फत अनि ब्यागहरू हातहतियारका लागि जाँचेर मात्र भित्र पठाइनेछ।

प्रश्न पठाउनुहोला

खोज समितिले समुदाय मार्फत उम्मेदवारहरूलाई सोधिने प्रश्नहरूको माग गर्दैछ। आफ्ना प्रश्नहरू https://chancellorsearch.wisc.edu/submit-a-question-for-candidate-forums/ मार्फत पठाउन सक्नुहुनेछ। यस फाराम बुधबार, नोभेम्बर ४ तारिख बेलुकी ५ बजे बन्द हुनेछ। (ध्यान दिनुहोला, सबै प्रश्नहरू सोधिने छैन।)

हरेक उम्मेदवारको जानकारी प्रस्तुति भन्दा अगाडि https://chancellorsearch.wisc.edu मार्फत प्रदान गरिनेछ। जानकारी पाएपछि अपडेटहरू प्रदान गरिनेछ।

नयाँ कुलपतिले २०२७ सालको शुरूवातमा काम थाल्ने अपेक्षा राखिएको छ। अप्रिल महिनामा, खोजका सहाध्यक्ष तथा पहिलेका *Board of Regents* अध्यक्ष Amy Bogost ले २३ सदस्य रहेका खोज समिति बनाइएको थियो।

क्याम्पसको सार्वजनिक प्रस्तुतिहरूका साथसाथ, हरेक उम्मेदवारहरूले *Universities of Wisconsin* नेतृत्व तथा संकाय, विद्यार्थी, सम्बद्ध साझेदार तथा क्याम्पस नेतृत्व रहेका क्याम्पस सरोकारवाला समूहहरूसँग पनि अन्तर्वार्तामा भाग लिनेछन्।